**सम्मानितगाउँ सभाका अध्यक्ष ज्यू**
**आदरणीय गाउँ सभाका सम्पूर्ण सदस्यहरु,**
**गाउँसभाका सदस्य सचिव ज्यू,**
**उपस्थित सम्पूर्ण महानुभावहरु!**

अब म संक्षेपमा बजेट प्रस्तुत गर्न चाहन्छु।

उल्लिखित नीति र कार्यक्रमका आधारमा विनियोजन विधेयक २०८१ र आर्थिक विधेयक २०८१ तयार गरि गाउँ कार्यपालिका बैठक बाट स्वीकृत गराई यस सम्मानित गाउँसभा मार्फत पारित गर्न नीति तथा कार्यक्रमका आधारमा नै आय र व्ययको अनुमान तयार गरी यस गाउँसभा मा पेश गरेको छु। गाउँ कार्यपालिका बाट स्वीकृत पेश गरेको आ.व.२०८१/८२ को आय र व्ययको अनुमान स्वीकृतीको लागि यथार्थ बजेट रकम, आय र व्ययको अनुमान तपसिल अनुसार पेश गर्ने अनुमति चाहन्छु। यस पूर्व गत आर्थिक बर्षको यर्थात आय र व्यय चालु आर्थिक बर्षको संशोधित आय र व्यय प्रस्तुत गर्न सान्दर्भिक लागेर यस सम्मानित गाउँ सभा समक्ष पेश गरेको छु।

**गत बर्ष २०७९/८० को आय तर्फ**

**आन्तरिक आय: ६२ लाख ४५ हजार ३ सय २९ मात्र**
**बाह्य आय: ३५ करोड ३६ लाख ६१ हजार ९ सय ८४ मात्र**
**कूल जम्मा आय: ३५ करोड ९९ लाख ७ हजार ३ सय १३ मात्र**

**व्यय तर्फ**

**चालु खर्च : १६ करोड २९ लाख ३६ हजार ६ सय ४४ मात्र**
**पुजिगत खर्च : ९ करोड १६ लाख ७५ हजार ५ सय ५५ मात्र**
**कूल जम्मा व्यय : २५ करोड ४६ लाख १२ हजार १ सय ९९ मात्र**
**नगद मौज्दात : ४ करोड २७ लाख ७ हजार ७ सय २४ मात्र**

**सम्मानित गाउँसभाका अध्यक्ष ज्यू**
**आदरणीय गाउँसभाका सम्पूर्ण सदस्यहरु,**
अब म चालु आ.व. २०८०/८१ को जेठ मसान्त सम्मको यथार्थ आय/व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु। आ.व. २०८०/८१ को जेठ मसान्त सम्मको **कूल आय ३५ करोड ६६ लाख २६ हजार ९ सय ९७ मात्र** आन्तरिक आय **८३ लाख १९ हजार ४६ रुपैया मात्र** त्यसै गरि **कूल खर्च रु. २५ करोड ३७ लाख ३८ हजार ७ सय मात्र** रहेको छ।

**सम्मानित गाउँसभाका अध्यक्ष ज्यू**
**आदरणीय गाउँसभाका सम्पूर्ण सदस्यहरु,**
अब म आगामी आ व २०८१/८२ को प्रस्तावित आय-व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु। यस गाउँपालिकाले आर्थिक बर्ष २०८१/८२ का लागि कूल आय **५१ करोड ८३ लाख ७ हजार मात्र** हुने प्रक्षेपण गरिएको छ।
अब म आय तथा व्ययको श्रोत क्षेत्रगत विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु।

**आय तर्फ:**

आन्तरिक आय: १ करोड २५ लाख २५ हजार
वित्तीय समानीकरण संघ: ९ करोड ३२ लाख
संघीय सर्शत अनुदान चालु : १२ करोड ७७ लाख ३९ हजार
संघीय सशर्त अनुदान पूँजीगत : ४ करोड ८२ लाख
संघीय सरकार विशेष अनुदान : १ करोड
संघिय समपुरक अनुदान: १ करोड ५० लाख
संघीय सरकार राजस्व बाँडफाँड तर्फ : ९ करोड २४ लाख

प्रदेश सरकार समपुरक कोष: १ करोड
प्रदेश सरकार विशेष कोष : ४० लाख
प्रदेश सरकार वित्तीय समानिकरण : ८० लाख ४६ हजार
प्रदेश सरकार राजस्व बाडँफाडँ : २१ लाख ९७ हजार
सामाजिक सुरक्षा : ७ करोड
अल्या रकम : २ करोड ५० लाख
**कुल जम्मा रु. ५१ करोड ८३ लाख ७ हजार मात्र**

**सम्मानित गाउँसभाका अध्यक्ष ज्यू**
**आदरणीय गाउँसभाका सम्पूर्ण सदस्यहरु,**
नेपालको संविधान स्थानीय सरकार संचालन ऐन र प्रचलित कानून बमोजिम मैल सम्मानित कार्यपालिकाको सर्वसम्मत निर्णयबाट उल्लिखित आगामी आ व २०८१/८२ का लागि नीति कार्यक्रम तथा बजेट तय गरि यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गरेको छु । कार्यक्रम तयार गर्दा उल्लिखित नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु । नीतिहरु कार्यान्वयनका लागि स्रोत साधनको व्यवस्था गरि क्रमश: लागु गर्दै जाने प्रतिबद्धता सम्मानित गाउँसभालाई जानकारी गराउन चाहन्छु ।

**सम्मानित गाउँसभाका अध्यक्ष ज्यू**
**आदरणीय गाउँसभाका सम्पूर्ण सदस्यहरु,**
अब म सम्मानित गाउँसभा समक्ष मैले माथि प्रस्तुत गरेको गत बर्षको यथार्थ आय र व्यय चालु आर्थिक बर्षको संशोधित आय र व्यय आगामी आर्थिक बर्ष २०८१/८२ को अनुमानित आय र व्यय, आर्थिक विधेयक २०८१, दररेटहरु माथि सम्मानित गाउँसभामा छलफलका लागि प्रस्तुत गर्न चाहन्छु । आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१ छलफल गरि पारित गर्न आगामी आर्थिक बर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न दुबै विधेयक यस सम्मानीत गाउँसभा समक्ष प्रस्ताव पेश गरेको छु । साथै गाउँपालिकाले पेश गरेका आ.व. २०८१/८२ का नीति कार्यक्रम तथा बजेट स्वीकृतीको लागि पेश गरेको छु । **सम्मानित गाउँसभाका अध्यक्ष ज्यू**
**आदरणीय गाउँसभाका सम्पूर्ण सदस्यहरु,**
नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा संघीय सरकार, प्रदेश सरकार तथा माननीय सम्मानीय तथा सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिज्यूहरुबाट प्राप्त सुझाव सहयोग प्रति आभार व्यक्त गर्दछु । हामीले गरेको आग्रहलाई स्वीकार गरि बैठक तथा छलफलमा उपस्थित भई सुझाव दिनुहुने कार्यपालिका सदस्यज्यूहरु विभिन्न विषयगत समितिका संयोजकज्यू तथा सदस्यहरु लगायत सबैमा विशेष धन्यवाद दिन चाहन्छु । बजेट निर्माणका क्रममा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सुझाव दिनहुने गाउँकार्यपालिका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी, बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु, करदाता, उद्यमी, व्यवसायी, समाजसेवी, जेष्ठ नागरिक, बुद्धिजिवी, संचारकर्मि पत्रकार सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

बजेट निर्माणका क्रममा तथा विभिन्न समय-समयमा हामीलाई सुझाव सल्लाह दिनुहुने सम्पूर्ण महानुभावहरु लाई धन्यवाद का साथै प्रस्तुत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावहरुलाई मार्ग दर्शनको रुपमा लिएर लालझाडीको समग्र समृद्धिका लागि लालझाडी गाउँपालिका अगाडि बढ्ने बिश्वास दिलाउँदै कार्यक्रमको सफल कार्यान्वयनमा सबैको निरन्तर सहयोग रहने अपेक्षा राखेको छु ।

धन्यवाद !